बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः ८ (आठौं)

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८०।१०।२८

स्थानः क्व्होलासोथार गाउँपालिका, वडा नं. २, मालिङ ।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

<u>उपस्थितीः</u>

| क.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरूङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. - ४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. - १ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. - २ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. - ३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. - ४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. - ५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. - ६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. - ७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. - ८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. - ९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकिय अधिकृत | क्व्होलासोथार गा.पा. | |

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**<u>प्रस्ताव नं १ : गाउँपालिका वा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीको करार म्याद थप सम्बन्धमा</u>**

**<u>निर्णय नं १:</u>**

क्व्होलासोथार गाउँपालिकामा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको माघ १ गते देखी लागु हुने गरी चैत्र मसान्त सम्म करार सम्झौता थप गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं २: गाउँपालिकाको प्रतिक चिन्ह(लोगो) निर्माणका लागि प्रस्ताव आवह्वान गर्ने सम्बन्धमा</u>**

**<u>निर्णय नं २:</u>**

क्व्होलासोथार गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) तपसिलको मापदण्ड भित्र रहेर निर्माण गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिलः

क. लोगोमा गाउँपालिकाको पहिचान, ऐतिहासिकता, जनजीवन, भूगोल, साँस्कृतिक चिनारी एवं विशिष्ट पहिचान झल्कनु पर्नेछ ।

ख. लोगोमा प्रयोग भएका सकेतहरुको संक्षिप्त व्याख्या गर्नु पर्नेछ ।

ग. लोगोमा कुनै पनि जातीय विभेद् साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा खलल आउन सक्ने संकेत प्रयोग गर्न पाइने छैन ।

घ. लोगो कम्तिमा ३०० dpi resolution भएको JPEG, PNG Format मा हुनुपर्नेछ ।

ङ. लोगो अन्यत्रबाट नक्कल नगरिएको मौलिक हुनुपर्नेछ ।

च. लोगोको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा रहनेछ । स्वीकृत लोगोको सर्वधिकार गाउँपालिकामा रहनेछ र डिजाइन कर्ताले अन्यत्र प्रयोग गर्न पाइने छैन ।

छ. छनौट समितिले आवश्यक ठानेमा डिजाइनकर्ताले पेश गरेको लोगोमा सामान्य परिमार्जन गर्न लगाई स्वीकृत गर्न सक्नेछ ।

ज. छनौट भएको लोगोको डिजाइनकर्तालाई रु ३००००।- (अक्षरुपी तीस हजार) प्रदान गरिनेछ ।

झ. प्रस्तावित लोगोको डिजाइन तोकिएको म्याद भित्र Hard Copy र Soft Copy पेश गर्दा अनिवार्य रुपमा डिजाईनकर्तले आफ्नो नागरिताको छाँयाप्रति पेश गर्नुपर्नेछ ।

ञ. लोगो निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नुपर्नेछ ।

**<u>प्रस्ताव नं ३: प्रमुख प्रशासकीय अधिकृतको संचार खर्च सम्बन्धमा</u>**

**<u>निर्णय नं ३:</u>** क्व्होलासोथार गाउँपालिकाको कार्यालय प्रमुख (प्रमुख प्रशासकीय अधिकृत) लाई चालु आ.व.को साउन महिना देखि लागु हुने गरी मासिक रु १५०० (पन्ध्र सय रुपैंया) को दरले संचार भत्ता उपलब्ध गराउने निर्णय गरियो ।



क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं ४: समपुरक र विशेष योजना छनौट गरी राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने सम्बन्धमा**

**निर्णय नं ४:**

राष्ट्रिय योजना आयोग काठमाण्डौको मिति 2080/08/30 मा प्रकाशित प्रस्ताव आह्वान सम्बन्धी सूचना अनुसार आ.व. ०८१/८२ का लागि सङ्घीय समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुमा यस क्व्होलासोथार गाउँपालिकाबाट देहायका आयोजना/कार्यक्रम माग गर्ने निर्णय गरियो ।

तपसिलः

**समपूरकः**

१. काम्रो र लम्क्यु खोला मोटर पुल निर्माण (क्रमागत )

**विशेषः**

१. ६ नं वडा कार्यालय भवन निर्माण, पसगाउँ

२. ३ नं वडा कार्यालय भवन निर्माण, बगुम

**प्रस्ताव नं ५:सडकबोर्ड अन्तर्गतका योजना (सडक खण्ड) छनौट सम्बन्धमा**

**निर्णय नं ५:**

सडक बोर्ड नेपालबाट क्व्होलासोथार गाउँपालिकाको सडक निर्माण तथा मर्मतको लागि विनियोजित वजेटबाट प्राविधिक प्रारम्भिक लागत अनुमानका आधारमा तपसिलका योजना छनौट गर्ने निर्णय गरियो ।

तपसिलः

१. तामु सडक मर्मत, वडा नं ८

२. बगुम सडक मर्मत, वडा नं ३

**प्रस्ताव नं ६:स्थानीय गाउँ बाल अधिकार समिति गठन र बाल कल्याणकारी अधिकारी तोक्ने सम्बन्धमा**

**निर्णय नं ६:**

क्व्होलासोथार गाउँपालिकाको बाल कल्याणकारी अधिकारी यहाँ कार्यालयमा कार्यरत युवा, खेलकुद तथा शिक्षा शाखा प्रमुख पदेन रहने गरी दिपकराज पौडेललाई जिम्मेवारी थप गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ७:LISA को अन्तिम नतिजा पारित र FRA को अन्तिम नतिजा सार्बजनिक गर्ने सम्बन्धमा</u>**

**<u>निर्णय नं ७:</u>**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वंमूल्याङ्कन(LISA) कार्यविधि, 2077 र स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कन (FRA) कार्यविधि2077 बमोजिम यस क्व्होलासोथार गाउँपालिकाले गत आ.व.2079/80 मा सम्पादन गरेका कार्यहरुको समग्र स्थिति, कार्यप्रक्रिया र परिमाणात्मक स्थितिको बारे चालु आ.व. २०८०/८१ मा सूचकगत रुपमा मूल्याङ्कन गर्दा प्राप्त भएको मिति 2080/10/07 गते प्रकाशन गरिएको LISA को प्रारम्भिक नतिजा स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो । साथै सोही आ.व.को वित्तीय जोखिम मूल्याङ्कनका सूचकगत रुपमा मूल्याङ्कन गर्दा प्राप्त भएको तपसिलको नतिजा स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

| जम्मा प्राप्ताङ्क | |
|---|---|
| प्रक्रियाको जोखिम | ७८.३% |
| नतिजाको जोखिम | ३८.४६% |
| वित्तीय अनुशासनको जोखिम | ५७.३५% |
| औसत: | ६६% |

**मूल्याङ्कन विषयक्षेत्रहरु**

| | स्कोर प्रतिशत |
|---|---|
| योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | ६९.05% |
| कार्यान्वयन क्षमता तथा व्यवस्थापन | 79.31% |
| लेखाङ्कन तथा प्रतिवेदन | 76.47% |
| अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | 53.13% |
| राजस्व व्यवस्थापन | 48.18% |

**<u>प्रस्ताव नं ८: कार्यालयको प्रवक्ता तोक्ने सम्बन्धमा</u>**

**<u>निर्णय नं ८:</u>** क्व्होलासोथार गाउँकार्यपालिका(कार्य सम्पादन) नियमावली,२०७४ नियम १७ बमोजिम वडा नं ४ का वडा अध्यक्ष एवं कार्यपालिका सदस्य **श्री नारायण गुरुङलाई** प्रवक्ता तोक्ने निर्णय गरियो ।सुशासन ऐन २०६४ को दफा ३५ बमोजिम कार्यालयको काम कारबाहीका बारेमा समय समयमा जानकारी गराउन सूचना प्रविधि अधिकृत **श्री अनिल पौडेललाई** कार्यालयको प्रवक्ता तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९: राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा**

**निर्णय नं ९:** भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ४ कोठे भवन निर्माणका लागि श्री घले उत्तरकन्या माध्यमिक विद्यालय, वडा नं ३ बगुमले शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रस्ताव पेश गरेको हुँदा प्रस्ताव पास भई आएमा उक्त ४ कोठे भवन निर्माणका लागि रकम अपुग भएमा गाउँपालिकाले बेहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १०: वडामा सेवा प्रवाहको बैकल्पिक व्यवस्था तथा सुधार सम्बन्धमा**

**निर्णय नं १०:** क्व्होलासोथार गाउँपालिकाबाट प्रबाह गरिने सेवाहरुलाई थप व्यवस्थित गर्दै सेवा प्रवाहमा जनताको सहज पहुँच बनाउने उद्देश्यका साथ यहाँ क्षेत्रभित्र सम्पूर्ण वडा कार्यालयबाट सेवा प्रवाह दुरुस्त बनाउने तथा स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १६(ग) बमोजिम वडा अध्यक्ष ७ दिन भन्दा बढि समय कार्यालय भन्दा बाहिर रहनुपर्ने अवस्थामा कार्यबाहक अध्यक्षको व्यवस्था गरी गाउँपालिका अध्यक्ष तथा सम्बन्धित कार्यालयलाई जानकारी गराउनु पर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११: विषयगत समितिका सदस्यहरुलाई जिम्मेवारी तोक्ने सम्बन्धमा**

**निर्णय नं ११:** कार्यपालिकाका विषयगत समितिको संरचना मिति २०७९।०२।३० गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिमको निरन्तरता हुने र प्रमुख प्रशासकीय अधिकृत हुने स्थानमा जो कार्यरत छ उही पदेन सदस्य रहने र संस्थागत तथा सुशासन समितिको सदस्य सचिवमा आशा कुमारी गुरुङ रहने गरी निर्णय गरियो ।

**प्रस्ताव नं १२: हेलीप्याड निर्माण सम्बन्धमा**

**निर्णय नं १२:** यस पालिकाको वडा नं ९ मा हेलीप्याड स्थापना भएको हुँदा यसैलाई निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १२: दोस्रो त्रैमासिकको आय-व्यय विवरण प्रतिवेदन पेश गर्ने र सम्पन्न योजनाहरुको फरफारक गर्ने सम्बन्धमा**

**निर्णय नं १२**: आयव्यय विवरण बमोजिम भौतिक र वित्तीय प्रगति समय अनुसार हासिल गर्ने र सम्पन्न आयोजनाहरुको मुल्याङ्कन समयमै गरी यथाशिघ्र भुक्तानी गर्नुपर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १२: आर्थिक सहायता सम्बन्धमा**

**निर्णय नं १२:** देहायका संस्था र व्यक्तिलाई तपशिल बमोजिमको आर्थिक सहायता गर्ने निर्णय गरियो ।

| क्र. सं. | सहायता पाउने व्यक्ति/संस्था | रकम/सामाग्री | कैफियत |
|---|---|---|---|
| १. | झविला बि.क. वडा नं ३ | १५ थान ग्याविन जाली | विपद् व्यवस्थापन |
| २. | दुर्गा देवी घले वडा नं ३ | १५ थान ग्याविन जाली | विपद् व्यवस्थापन |
| ३. | वडा नं. ७ | २ वटा पोल | विध्युत तार विस्तार |
| ४. | विवेक वि. क. वडा नं १ | रु.१,००,०००( एक लाख) | उपचार खर्च |
| ५. | कन्याज्योती युवा क्लव वडा नं ३ | रु.२५,०००(पच्चीस हजार) | खेलकुद प्रोत्साहन |
| ६. | जिल्ला खेलकुद विकास समिति, लमजुङ | रु.१,५०,०००(एक लाख पचास हजार) | राष्ट्रपति रनिङ्ग शिल्डखेलकुद सञ्चालन |